★ राष्ट्रियता Nationality ★ लोकतन्त्र Democracy ★ समाजवाद Socialism ★ विद्यार्थी एकता Student's Unity

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

(2020)
केन्द्रीय कार्यालय, काठमाण्डौ
Central Office, Kathmandu

Ref. No:

मिति: २०७९/०५/०५

**श्री जिल्ला कार्य समितिहरु,**

**श्री विश्वविद्यालय समन्वय समितिहरु,**

**श्री क्याम्पस इकाई समितिहरु,**

**श्री पालिका इकाई समितिहरु,**

**श्री मातहतका समितिहरु ।**

**विषय : शोक पुस्तीका राख्ने सम्वन्धमा ।**

नेपाली कांग्रेसका नेता, समकालीन राजनीतिमा प्रजातान्त्रिक समाजवादका अद्वितीय व्याख्याता, नेपाली राजनीतिमा समावेशी सिद्धान्तका (कदमजम) प्रतिपादक, लोकतान्त्रिक आदर्श र निष्ठाका धरोहर, पूर्विय ज्ञान र दर्शनका मुर्धन्य श्रष्ठा वाहुआयामिक व्यतित्व श्रद्धेय नेता **स्व. प्रदीप गिरीको** निधनप्रति गहिरो दुःख व्यक्त गर्दै उहाँको निधनबाट नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमिति स्तब्ध र मर्माहत भएको छ । स्वर्गीय गिरीको निधनले नेपालको लोकतान्त्रीक आन्दोलन, नेपाली कांग्रेस एवंम लोकतान्त्रीक समाजवादका तमाम आस्थाका हिमायती, मूलक र जनताका लागि ठूलो क्षति पुगेको छ ।

पार्टी संगठनका माध्यमबाट सबै किसिमका निरंकुशताका विरुद्ध, वैचारीक संघर्षमा होमिएर पटक पटक जेल जीवन र निर्वासन रहनु भएका गिरी राजनैतिक विचारमा लोकतन्त्र र आर्थिक नितिमा समाजवादको व्याख्याता, व्यवहारमा अत्यन्तै मिलनसार, मिजासीलो हुनुहुन्थ्यो । नेपाली कांग्रेसको पार्टी संगठन निर्माण, विस्तार र नेपालको लोकतान्त्रीक आन्दोलनमा पुऱ्याउनु भएको योगदान सदा स्मरणीय रहने छ । उहाँको स्पष्ट विचार, सरल र सादा जिवन पद्धती भावी पुस्ताका लागि अनुकरणीय छ ।

दिवंगत नेता प्रदिप गिरी प्रती उच्च सम्मान र उहाँको आत्माको चिर शान्तीको कामना गर्दै नेपाल विद्यार्थी संघ केन्द्रिय कार्यसमिती उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछ । यस दुखद घडीमा शोक सन्तप्त परिवार तथा आफन्त जनहरु एवंम समस्त पार्टी सदस्यहरुमा धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भन्दै गहिरो समवेदना प्रकट गर्दछ ।

जनताका लोकप्रिय नेतासमाजवादी चिन्तक स्व.प्रदीप गिरीको मिति २०७९ भाद्र ६ गते उहाँका योगदानको स्मरण र चर्चा गर्दै आ-आफ्नो कार्यालयमा शोक पुस्तीका राख्न यसै पत्र मार्फत परिपत्र गर्दछ ।

जयनेपाल !

दुजाङ शेर्पा
अध्यक्ष
नेपाल विद्यार्थी संघ
केन्द्रीय कार्यसमिति

P.O. Box : 7726, Anamnagar,Kathmandu,Nepal
Tel./Fax: +977-01-4425941, E-mail: info@nsu.org.np
www.nsu.org.np